Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

# नेपाल मानव अधिकार संगठन
# Human Rights Organisation of Nepal

केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org

च.न. ६१ /०८२

मिति: २०८२/०४/२६

## कारागार कार्यालयको सुरक्षा र मानवअधिकार सम्बन्धमा

मिति २०८२/०४/२४ गते कारागार कार्यालय कैलालीमा कैदी बन्दीहरूको बीचमा भएको झडपबाट धनगढी उपमहानगरपालिका वडा नम्बर ४ का भरत चौधरीको मृत्यु र ४७ जना घाइते भएको तथा दुई दिनसम्म कारागार, प्रशासनको सुरक्षा भन्दा बाहिर गएको प्रति यस संगठनको गम्भीर ध्यानाकर्षण भएको छ ।

१५० जना कैदीबन्दी क्षमताको कारागारमा ७०० भन्दा बढी बन्दीहरू राखिनुले असहज स्थिति सृजना हुने र बन्दीहरूको मानव अधिकारको व्यापक उल्लङ्घन हुन सक्ने स्वत आकलन गर्न सकिने विषय हो । कारागार भित्रको आन्तरिक प्रशासन को प्रवृत्ति तथा जिम्मेवार निकायको गैर जिम्मेवारीका कारण देशका विभिन्न कारागारमा हत्या, झडप, तोडफोड हुने क्रम रहेको र त्यसको कारण पत्ता लगाई समस्याको निराकरणको लागि काम नगरेमा यस्ता घटनाहरु दोहोरिँदै सामान्य सोझा कैदीबन्दीहरु कारागारमा दोहोरो मारमा परिरहने र आन्तरिक त्रासका कारण अन्याय सहेर बस्नु परिरहेको तर्फ पनि सरकारले ध्यान नदिँदा त्यसैको क्रमिकता कारागार कार्यालय कैलाली घटना हो भन्ने यस संगठनको ठम्याइ छ ।

नेपाल लोकतान्त्रिक व्यवस्था अपनाएको मुलुक हो । नेपालको संविधानले नागरिकहरूलाई प्रदान गरेको मौलिक हक नेपाल पक्ष भएका मानव अधिकार कानुन, स्वतन्त्रता, समानता, न्याय र सम्मान पूर्वक बाँच्न पाउने अधिकारको संरक्षण गर्नुपर्ने आफ्नो नियन्त्रणमा रहेका मानिसहरूको सुरक्षा गर्नुपर्नेमा नेपाल सरकार र सरकारका निकायहरूले जिम्मेवारी उचित तवरले वहन गर्न नसकेको तथा स्थानीय प्रशासन निष्पक्ष र न्यायपूर्ण नहुँदा तथा पीडकहरुसँग को मिलोमतोका कारणले घट्ने यस्ता घटना संविधान, मानव अधिकार र लोकतन्त्र विपरीतको कार्य भएको स्मरण गराउँदछौं ।

अतः नेपाल सरकार लगायत सम्पूर्ण सरोकारवाला निकायलाई यस्ता मानव अधिकारको व्यापक हनन हुने स्थानका सुरक्षा संयन्त्रलाई संवेदनशील बनाउन क्षमताभन्दा धेरै व्यक्तिहरू थुनामा नराख्न तथा आन्तरिक प्रशासनबाट हुने ज्यादती रोक्न तथा कारागार प्रशासनलाई चुस्त दुरुस्त राख्न र कारागार कार्यालयमा हत्या भएका भरत चौधरीको हत्यामा संलग्नहरूलाई कानुनी दायरामा ल्याउन उनको परिवारलाई उचित क्षतिपूर्ति प्रदान गर्न र घाइतेको प्रभावकारी उपचार गर्न तथा अब आइन्दा यस्ता घटनाहरू दोहोरिन नदिन तत्काल आवस्यक कदम चाल्न हामी आह्वान गर्दछौं।

इन्द्र प्रसाद अर्याल
अध्यक्ष
मो.नं: ९८५१०५८३६८